# मर्सिकोर
# बाल सुरक्षा[1] नीति - नेपाल

## १. परिचय

मर्सिकोर विपत्ति, द्वन्द, चरम गरिवी तथा अस्थिरताका विच जनता तथा समुदायहरुले सामना गरिरहेका व्यापक चुनौतिहरुसंग जुध्नका लागि सहयोग प्रदान गर्न कार्यरत एक विश्वव्यापी गैह्र नाफामुलक, मानवीय तथा विकासमुखी संस्था हो । हामी अफ्रिका, एसिया, अमेरिका तथा यूरोपका ४० भन्दा बढी देशहरुमा कार्यरत् छौं । मर्सिकोरको लक्ष्य (mission) सुरक्षित, उत्पादन मूलक तथा न्यायपूर्ण समुदायहरुको निर्माणको लागि विश्वभरका जनतालाई सहयोग गरी पीडा, गरिवी तथा उत्पीडनको अन्त्य गर्नु रहेको छ । यसमा मर्सिकोर अर्मेरिका तथा मर्सिकोर स्कटलैण्ड तथा तिनिहरुका सहायक तथा सम्बद्ध संस्थाहरु (संयूक्तरुपमा “मर्सिकोर”) समाविष्ट छन् ।

दुर्व्यवहार वा/र शोषणवाट जो कोही प्रभावित भएको भए पनि त्यस्ता सबै प्रकारका दुर्व्यवहार वा शोषण अस्विकार्य छ भन्ने मर्सिकोरको विश्वास छ । मर्सिकोरको यौन शोषण तथा दुरुपयोग रोकथाम (यौ.शो.दु.रो.) नीति तथा लैङ्गिक नीति लगायत अन्य नीतिहरुले शोषण वा र्दुव्यवहारलाई वर्जित गर्दछन् । यद्यपी, बालबालिकाको जोखिमपूर्ण अवस्था, परनिर्भरता तथा खास अवस्थाका कारण उनिहरुको सुरक्षामा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

विपत्ति, द्वन्द तथा आर्थिक गिरावटवाट ग्रस्त तथा पार पाउँदै गरेका समुदायहरुसंग काम गर्ने संस्थाको रुपमा मर्सिकोरले आफ्नो सम्पर्कमा आउने बालबालिकाहरु भौतिक, यौनिक, भावनात्मक तथा हेलचक्रयाई लगायतका दुर्व्यवहारवाट सुरक्षित छन् भन्ने सुनिश्चित गर्न यो नीति अवलम्वन तथा पालना गर्नु आफ्नो जिम्मेवारी हो भन्ने ठान्दछ । कुनै जात जाति, लिङ्ग वा धर्मलाई वास्ता नगरी बालबालिकाको सुरक्षा प्रति स्पष्टरुपमा आफ्नो प्रतिवद्धता निर्धारण गरी यो नीतिले हामी आफैंले काम गर्ने समुदाय प्रतिको जवाफदेहीता परिभाषित गर्ने समेत उद्देश्य राखेको छ ।

---

[1] यस नीतिको प्रयोजनको लागि “बाल सुरक्षा” शब्दले “आन्तरिक” अवधारणालाई समेटेको छ र यसले मर्सिकोरको उपस्थिति, कार्य तथा पहलकदमीहरुका कारण बालबालिकामा हुन सक्ने हानी नोक्सानीमा ध्यान केन्द्रित गर्दछ । बाल संरक्षणका विषयहरु बाह्य विषय हुन् र यसले मर्सिकोरको उपस्थिति, कार्य, पहलकदमीहरुसंग असम्वन्धित तथा ति कार्यहरुको कारणवाट उत्पन्न नभएको हानी नोक्सानीलाई जनाउँछ ।

## १.१. लक्ष्य, उद्देश्य तथा प्रयुक्तता

यस नीतिको लक्ष्य मर्सिकोरका कार्यसंपादनका कारण हुन सक्ने शोषण तथा दुर्व्यवहारवाट बालबालिकालाई सुरक्षित गर्ने रहेको छ । मर्सिकोरको कार्यहरु संपादन गर्दा बालबालिकाहरुलाई सुरक्षित तथा सकारात्मक वातावरण सिर्जना गर्ने, त्यस्तो वातावरण कायम गर्ने तथा त्यसको अनुगमन गर्ने यसको उद्देश्य रहेको छ ।

मर्सिकोरले १८ वर्ष भन्दा कम उमेरकालाई बालबालिका भनी परिभाषित गरेको छ ।

मर्सिकोरका संचालक समितिका सदस्यहरु, अधिकृतहरु, व्यवस्थापन, कर्मचारीहरु, अन्यत्रवाट खटिई आएका कर्मचारीहरु, इन्टर्नसीप गर्नेहरु तथा स्वंयसेवकहरु (संयुक्तरुपमा "कर्मचारीहरु"), परियोजनाका साझेदारहरु, , बाह्य विज्ञहरु (कानूनी सल्लाहकारहरु समेत), सल्लाहकारहरु, एजेन्टहरु, प्रतिनिधिहरु तथा मर्सिकोरको तर्फवाट काम गर्ने अन्य व्यक्ति ( संयुक्तरुपमा "सम्बद्ध व्यक्तिहरु") वा मर्सिकोरको हितग्राही भई वा नभई मर्सिकोरको कार्यको माध्यमवाट बालबालिकाको सम्पर्कमा आउने व्यक्तिहरु सबैलाई यो नीति लागु हुन्छ ।

मर्सिकोरको बाल सुरक्षा नीति संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धी, १९८९ (तथा यसका अतिरिक्त प्रोटोकलहरु) तथा किपिङ्ग चिल्ड्रेन सेफ[2] को बाल सुरक्षा सम्बन्धी अन्तराष्ट्रिय न्यूनतम् मापदण्डहरु[3]मा आधारित छ । यस नीतिको पालना गर्दा मर्सिकोरले माथी उल्लेखित दस्तावेजहरुमा उल्लेखित बाल अधिकारहरुसंग नबाझिएको अवस्थामा सान्दर्भिक क्षेत्रिय तथा राष्ट्रिय कानूनहरुको पालना समेत गर्नेछ ।

# २. आचरण सम्बन्धी मापदण्डहरु

---

2 किपिङ्ग चिल्ड्रेन सेफ लण्डनमा आधारित विभिन्न २८ संघसंस्थाहरुको बाल सुरक्षा गठवन्धन हो । यसले अन्तराष्ट्रिय सौलियत तथा/वा विकास कार्यक्रमहरु तथा अयोजनाहरुको सन्दर्भमा बालबालिकासंग सम्बन्धित भई काम गर्नेको लागि अन्तराष्ट्रिय मापदण्डहरुको विकास गरेको छ ।

3 न्यूनतम मापदण्डहरुमा (१) लिखित नीति, (२) नीतिकोकार्यन्वयन, (३) बालबालिकालाई हुने हानी नोक्सानीको रोकथाम, (४) बालबालिका प्रतिको व्यवहारका सम्बन्धमा लिखित निर्देशिका, (५) विभिन्न स्थानहरुमा मापदण्डहरुको पालना, (६) समान बाल संरक्षण अधिकार, (७) बालबालिकालाई सुरक्षित राख भन्ने कुराको संचार, (८) बालबालिकालाई सुरक्षित राख्न शिक्षा तथा तालिम, (९) सल्लाह तथा सहयोगमा पहुँच, (१०) मापदण्डहरुको कार्यन्वयन तथा अनुगमन, (११) मापदण्डहरुको पालना गर्नको लागि साझेदारहरुसंग सहकार्य पर्दछन् ।

बालबालिकाको सम्पर्कमा आउँदा सदैव सर्वेपरी बाल हित सुनिश्चित गर्ने भन्ने मुख्य सिद्दान्तको साथमा मर्सिकोरका कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धमा निम्न न्यूनतमरुपमा आवश्यक मापदण्डहरु रहेका छन् ।

**२.१. सबै कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुले बालबालिकाको सम्पर्कमा रहँदा,**

- सदैब बालबालिकालाई सम्मानपूर्वक व्यवहार गर्ने, उनिहरुको विचारलाई स्थान दिने तथा उनिहरुलाई गम्भिरतापूर्वक लिने ।
- जुन परिवेशमा बालबालिकाहरु रहेका छन्, सोही परिवेशका सन्दर्भमा उनिहरुलाई बुझ्न प्रयत्न गर्ने ।
- आपसी विश्वास तथा सम्मानका आधारमा सहयोग तथा साझेदारीको मर्मका आधारमा तथा उनिमा रहेको क्षमता तथा सक्षमतालाई अभिवृद्धि हुने गरी बालबालिकासंग काम गर्ने र उनिहरुको संभावनाका क्षेत्रको विकास गर्ने ।

**२.२. कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुले बालबालिका संग काम गर्दा खासगरी दुर्व्यवहार हुन सक्ने संभावित अवस्थाहरुका सम्बन्धमा सचेत रहनु पर्छ र निम्न कार्यहरु तथा व्यवहारहरु गर्नवाट टाढै रहनु पर्छ ।**

- बालबालिकालाई पिट्ने वा अन्य तवरवाट भौतिक आक्रमण वा दुर्व्यवहार गर्ने,
- बालबालिकासंग यौन सम्बन्ध विकास गर्ने,
- बालबालिकासंग जुनसुकै हिसावले शोषण तथा दुर्व्यवहार मानिने खालको सम्बन्धमा विकास गर्ने,
- बालबालिकालाई हप्काउने, दुखी तुल्याउने वा भावनात्मकरुपमा दुर्व्यवहार गर्ने,
- कुनै बालक/बालिकालाई र्दुव्यवहारको खतरा हुन सक्ने कार्य गर्ने,
- कुनै प्रकारको दुर्व्यवहार वा हेलचक्रयाई गरी बालबालिकालाई धम्काउने,
- बालबालिकाको शोषण हुने, खतरामा पर्ने, शिक्षा लिन वा बाल्यवस्थावाट रोक्ने कार्यमा लगाउने,
- बालबालिकालाई अनुपयुक्त, होच्याउने वा दुर्व्यवहार हुने भाषा प्रयोग गरीसुझाव वा सल्लाह दिने,
- जो संग काम गरिरहेको छ, निजको घरमा बालबालिकालाई हेरचाहनै नगरी रातभर काममा लगाउने,
- जो संग काम गरिरहेको छ, निजसंग बालक/बालिकाको रुपमा उही कोठा वा खाटमा सुत्ने,

- घुलमिल हुनसक्ने प्रकृतिका बालबालिकाले आफ्नो लागि आफैं गर्न सक्ने कामहरु गरिदिने,
- अन्य बालबालिकालाई वन्चित गर्नको लागि विभेद गर्ने, फरक व्यवहार देखाउने वा कुनै बालिबालिकाको पक्ष लिने ।

**२.३. सबै कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुलाई, बालबालिकाको सम्पर्कमा आउँदा निम्न कार्यहरु गर्न महत्वपूर्ण हुन्छन,**

- जोखिम उत्पन्न गर्न सक्ने अवस्थाहरुका सम्बन्धमा सचेत रहने तथा त्यस्ता जोखिमहरुको सक्रियतापूर्वक व्यवस्थापन गर्ने ।
- जोखिमहरु न्यूनिकरण हुने गरी कार्य तथा कार्यक्षेत्रको योजना तथा प्रबन्ध गर्ने ।
- कुनै विषयवस्तुहरु तथा सरोकारहरुको उठान गर्न तथो छलफल गर्नलाई सहज वातावरणको सुनिश्चित गर्ने ।
- कमजोर अभ्यास वा संभावित दुर्व्यवहारपूर्ण व्यवहारका विषयमा विना चुनौति छोडिने छैन भन्नका लागि कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरु बीच जवाफदेहीताको चेतना रहेको छ भन्ने सुनिश्चित गर्ने ।
- कुनै बालबालिकासंग वयस्क व्यक्ति एक्लै रहने वा अन्य वयस्क व्यक्ति नहुने अवस्थाहरु हुन नदिने ।

# ३. रोकथाम

मर्सिकोरका कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरु बालबालिकालाई हानी नोक्सानी वा लाञ्छनाको जोखिम बढ्न सक्ने अवस्थाहरु प्रति तथा त्यस्ता जोखिमहरुको व्यवस्थापनका सम्बन्धमा सचेत रहनु पर्नेछ । बाल सुरक्षा सुनिश्चित गर्नको लागि निम्न कुराहरु न्यूनतम आवश्यकताहरुमा समाविष्ट छन् ।

## ३.१. जोखिम विश्लेषण गर्ने

कार्यक्रम विकास गर्दा वा बालिबालिका संलग्न हुने कुनै कार्य गर्दा आउन सक्ने जोखिमहरुको व्यवस्थापनका लागि बाल सुरक्षा सम्बन्धी जोखिम विश्लेषण गरिने छ । ( अनुसूची ख - जोखिम विश्लेषणको ढाँचा हेर्नुहोस्)

## ३.२. भर्ना तथा छनौट

मर्सिकोरले आफ्ना कर्यक्रमहरु मार्फत बालबालिकामा पहुँच पाउन खोज्ने अवान्छित व्यक्तिहरुलाई हतोत्साह गर्नको लागि विभिन्न जाँचहरु गर्नेछ । सो को लागि निम्न कार्यहरु गरिने छ ।

- उमेद्वारहरुको विगतका रोजगारीहरुका सम्बधमा जाँच गरिनुको साथै पदहरु विचको अन्तरहरुको विश्लेषण गरिने छ ।
- बालबालिका केन्द्रित कार्यक्रममा काम गरिरहेका सबै आवेदकहरु वा बालबालिकासंग सम्पर्कमा आउन सक्ने संभावना भएकाहरुले फौजदारी अभियोगमा दोषी प्रमाणित सम्बन्धमा स्वघोषणा (अनुसूची ग मा हेर्नुहोस्) को कार्य पुरा गर्नुपर्ने छ ।
- सबै आवेदकहरुको हकमा भरपर्दो तरीकाले सम्पर्क व्यक्तिलाई बुझ्ने कार्य गरिनेछ । बालबालिका केन्द्रित कार्यक्रम गर्ने वा बालबालिकासंग सम्पर्कमा आउने संभावना भएका आवेदकहरुका लागि उनिहरुको बालबालिका सम्बन्धी कार्यनुभवका विषयमा तथा बालबालिकासंग काम गर्नको लागि आवेदकको उपयुक्तताका विषयमा कुनै सरोकारहरु भए सो खुलाउनको लागि सन्तोषजनक सम्पर्क शुत्रहरुसंग सोधिने छ ।
- बालबालिका केन्द्रित कार्यक्रम गर्ने वा बालबालिका संग सम्पर्कमा आउने संभावना भएका आवेदकहरुका लागि सोधिने अर्न्तवार्ताका प्रश्नहरुमा सान्दर्भिक बाल सुरक्षा सम्बन्धी प्रश्नहरु समावेश हुनेछन् (अनुसूची घ हेर्नुहोस्) ।
- बालबालिका केन्द्रित कार्यक्रम गर्ने वा बालबालिका संग सम्पर्कमा आउने संभावना भएकालाई कार्य विवरणहरु तयार गर्दा भर्ना तथा छनौटको चेकलिष्टलाई उपयोग गरिने छ (अनुसूची ङ हेर्नुहोस्) ।

## ३.३. बाल सुरक्षा सम्पर्क व्यक्ति

बाल सुरक्षा सम्पर्क व्यक्तिहरु नियुक्त गरिने छ, जसले बाल सुरक्षा तथा आफ्नो भूमिका तथा जिम्मेवारीहरुका विषयमा तालिम प्राप्त गर्नेछन् । (नमूना कार्यक्षेत्रगत विवरणहरु लागि अनुसूची च हेर्नुहोस्) ।

## ३.४. तालिम

मर्सिकोरका सबै कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरु ई-लर्निङ आचार संहिता सम्बन्धी तालिम पुरा गर्नु पर्नेछ, जसमा विश्वव्यापी असहाय वयस्क तथा बाल सुरक्षा प्रवन्ध नीतिको एक प्रति समाविष्ट हुन्छ ।

बाल सुरक्षा सम्पर्क व्यक्तिहरुले मर्सिकोरका कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुलाई बाल सुरक्षाका विषयमा परिचयात्मक तालिम दिनेछन् ।

## ३.५. बालबालिका सम्बन्धी संचार

बालबालिकाको सम्मान, परिचय, गोप्यता तथा गोपनियताको अधिकारलाई सुरक्षित गर्नको लागि संवेदनशिलतापूर्वक बालबालिकाको अर्न्तवार्ता तथा तस्वीरहरु लिइने कुरामा मर्सिकोर प्रतिवद्ध छ । संभव भएसम्म बालबालिकालाई अर्न्तवार्ता लिइनु अघि तयार गर्नु पर्नेछ ।

बालबालिकाको तस्वीरहरु सदैव सालिन तथा सम्मानजनक हुनुपर्छ । अर्न्तवार्ताको क्रममा वा/र बालबालिको तस्वीरहरु मार्फत प्राप्त गरेका सूचनाहरुको प्रयोग गर्ने अनुमति (यदी उनिहरु सो गर्न सक्ने उमेरको, सुझबुझ भएको तथा परिपक्क भएको भए) सम्बन्धित बालबालिकावाटै तथा निजहरुको बाबु आमा वा संरक्षकहरुवाट लिनु पर्नेछ । ( बालबालिकाको अर्न्तवार्ता/तस्वीर प्रयोग अनुमति फारमको नमूना अनुसूची ज मा हेर्नुहोस्)

बालबालिका सम्बन्धी तस्वीरहरु, सामाग्रीहरु तथा व्यक्तिगत जानकारीहरु व्यवहारिकरुपमा सुरक्षित स्थानमा राखिनेछ र यसको सुरक्षाको लागि हरेक सावधानी अपनाइने छ, जसलाई अनुमतिको माध्यमवाट मात्र हेर्न दिइनेछ ।

## ४. प्रतिक्रिया तथा घटना व्यवस्थापन

सबै सरोकारवालालाई बाल दुरुपयोग पीडा दायक हुन्छ । अस्वीकार गरेको अवस्थामा अथवा धम्कीका संकेतहरु मेटाइएको अवस्थामा यस्तो भएको थियो भन्ने स्वीकार गर्न अक्सर कठिन हुन्छ । बाल सुरक्षा सुनिश्चितता गर्न जसलाई र्दुव्यवहारको शंका छ वा र्दुव्यवहार भएको थाहा छ, उसले तल उल्लेखित प्रक्रिया अनुसार आफ्नो सरोकार राख्नु पर्छ । मर्सिकोर यसरी सरोकार राख्नेको हितलाई समुचितरुपमा संरक्षण गरिने कुराको सुनिश्चित गर्दछ । असल नियतले उपलब्ध गराइएका सबै जानकारीहरु बालबालिका तथा मर्सिकोरको सर्वोपरी हितको लागि कुनै व्यक्तिको सरोकारका सम्बन्धमा प्रमाणकोरुपमा हेरिने छ । सो कुरालाई त्यस पछि गरिने अनुसन्धान कार्यहरुको परिणामलाई वास्ता नगरी सोहीरुपमा व्यवहार गरिनेछ ।

## ४.१. गोपनियता

सदैब गोपनियता कायम गरिने छ । खास परिस्थितिहरुमा गोपनियता नहुँदा बालबालिकाको जीवन बर्बाद हुन सक्छ । सो प्रक्रियामा संलग्न वयस्कलाई समेत गम्भिर परिणाम निम्त्याउन सक्छ । संभावित र्दुव्यवहार सम्बन्धी विषयवस्तु तथा सरोकारहरुका सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्दा कर्मचारी तथा अन्य व्यक्तिहरुले सूचनाहरुको संरक्षणको निमित्त विशेष

सर्तकता अपनाउनु पर्छ । त्यस्तो सूचनाका सम्बन्धमा थाहा पाउनु पर्ने व्यक्तिहरुलाई मात्र यस नीतिमा उल्लेख भएको रिपोर्टिङ प्रक्रिया अनुसार जानकारी उपलब्ध गराउनु पर्छ ।

कतिपय अवस्थामा कुनै व्यक्तिले सम्बन्धित व्यक्तिको व्यक्त इच्छाको विपरित बालक/बालिका वा अन्य बालबालिकाको रक्षाका लागिजानकारी गराउनु पर्ने सूचना हुन सक्छ । दुर्व्यवहारको सम्बन्धमा खुलाउने वा आरोप लगाउने व्यक्ति कुनै बालबालिका भएमा यो खासगरी एक कठिन विषयवस्तु हुन्छ । त्यसो भएको हुँदा यो कुरा स्पष्ट पार्न जरुरी छ कि यस्ता सूचनाहरु संपूर्णरुपमा गोप्य राख्न संभव नहुन सक्छ । सामान्यतय सो कार्य कुनै त्यस्तो विषयवस्तुहरु आउनु अगावै (जस्तै लिखित नीति वा धारणका माध्यमवाट) तर संवेदनशिल सूचनाहरु बाहिर आउन सक्ने देखिएको अवस्था भन्दा यथाशक्य छिटो गर्नु पर्छ । गोप्य राख्ने बाचा नगर्नुहोस् ।

सूचना दिने विषयमा सम्वन्धित बालिबालिकासंग छलफल गरिने तथा सूचना दिने सम्बन्धमा उनिहरुवाट लिएको विचार, त्यस सम्बन्धी प्रक्रिया, सुरक्षा वा अन्य त्यस्तै विषयहरु समेत स्पष्ट पार्नु पर्ने हुन्छ । तर त्यसपछिका प्रक्रियामा प्रभाव पार्न संभव हुन नसक्ने कुरा समेत स्पष्ट पार्नु पर्ने हुन्छ । प्रक्रिया, संभाव्य घटनाक्रम तथा संभावित परिणामका विषयमा समेत उनिहरुसंग छलफल गरिनु पर्छ । (के भईरहेको छ भन्ने सम्बन्धमा बालबालिका निरन्तर रुपमा सुसूचित भएको तथा निजलाई प्रक्रियाका सम्बन्धमा छलफल गर्ने अवसरहरु प्राप्त भएको सुनिश्चित गर्नु समेत महत्वपूर्ण रहेको छ ।) यो विषय कुनै खास सरोकारको रुपमा भए कर्मचारी तथा अन्य व्यक्तिले खास प्रकारको स्थानीय निर्देशिका बनाउन सक्नेछन् ।

## ४.२. बालबालिकाले प्रकट गरेका कुरामा प्रतिक्रिया

कतिपय अवस्थामा बालबालिकाले आफु दुर्व्यवहारमा परेको प्रकट गर्न सक्छन् । यस्तो परिस्थितिमा शान्त, सहृदयी तथा सहयोगी तवरवाट प्रतिक्रिया जनाउनु  महत्वपूर्ण हुन्छ । र्दुव्यवहारमा परेको अवस्थामा कुनै बालबालिकालाई आरोप लगाउनु हुँदैन । उसले दुर्व्यवहार वा सो को जानकारी दिएर कुनै गल्ती गरेको छैन भन्ने कुरा पूनः आस्वस्थ पार्नु पर्छ ।

तपाईंले कुराहरु सुनिरहनु भएको र गम्भिरता पूर्वक लिनु भएको तथा उनिहरुको संरक्षणको लागि तपाईले सकरात्मकरुपमा प्रतिक्रिया जनाउनु हुनेछ भन्ने कुरा बालबालिकाले थाहा पाउन चाहन्छन् । सावधानी पूर्वक सुन्नुहोस् । बालबालिकालाई आफ्नै तरीकावाट कुराहरु राख्न दिनुहोस् । भनेका कुराहरुको अभिलेख तत्कालै उपयुक्त भए सोही समयमा राख्नु पर्छ । सो संभव नभए त्यसको लगत्तै राख्नु जरुरी हुन्छ । यस चरणमा र्दुव्यवहारको विस्तृत विवरणहरुका वारेमा सोधपुछ गर्नु उपयुक्त नहुन सक्छ । उदाहारणको लागि बेलायतमा कुनै बालबालिकाले संभावित यौन र्दुव्यवहारको सम्बन्धमा प्रकट गर्दा बैधानिक सामाजिक सेवाहरुमा सम्पर्क गरिनु पर्दछ ता कि उनिहरुले औपचारिकरुपमा बालबालिकालाई सोधपुछ गर्न सकुन । कुनै बालबालिकालाई ठाडो प्रश्नहरु गर्नु हुँदैन । उनिहरुको कुराहरु

सकरात्मकरुपमा सुन्ने तथा प्रतिक्रिया जनाउने तथा उनिहरु प्रति सहयोगी बन्नु आवश्यक हुन्छ ।

बालबालिकालाई यसपछि के हुन्छ वा हुन सक्छ भन्ने सम्बन्धमा जानकारी तथा विवरणहरु आवश्यक पर्दछ । जानकारी गराए लगत्तै कर्मचारीहरु तथा अन्य व्यक्तिहरुले त्यस पछिको कदमका विषयमा छलफल गर्न तथा बालबालिकाको लागि कति सहयोग तथा सुरक्षा आवश्यकता पुरा गर्न सकिन्छ भन्ने बारेमा सोच्न स्थानीय कार्यविधिको आधारमा शंकास्पद दुर्व्यवहारका विषयमा रिपोर्ट गर्नु अत्यावश्यक हुन्छ । सो प्रकट गरेको कुरा वा आरोपका विषयमा कसलाई र कसले  जानकारी गराउने भन्ने सम्बन्धमा ध्यान दिनु आवश्यक हुन्छ ।

## ४.३. रिपोर्टिङ्ग तथा अनुसन्धान

बालबालिकाको सम्पर्कमा आउने जो कोही व्यक्तिले बालबालिकाको सुरक्षा वा कल्याणका बारेमा सरोकारहरु राख्न सक्छ । कुनै त्यस्ता साना वा ठुला सरोकारहरु वा शंकाहरुका बारेमा सचेत हुनु पर्ने जिम्मेवारी कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुको हुन्छ र यस दस्तावेजमा उल्लेख भएको प्रक्रिया अनुसार आफु भन्दा बरिष्ठ कर्मचारी सदस्यसंग सो विषयका सम्बन्धमा सदैब छलफल गर्नुपर्छ । यसले सरोकारहरुको मात्रा कम गर्ने गरी यथार्थ तस्वीर आउन सक्ने तर्फ वा थप कारवाही उपयुक्त छ भन्ने अनुभूत गराउने तर्फ प्रबृत्त गराउने छ । तथापि त्यस्ता सरोकारहरु छलफल नगरिनु भन्नुको अर्थ कुनै बालक/बालिका तथा अन्य बालबालिकाहरु दुर्व्यवहारमा परिरहेका छन् भन्ने हुन सक्छ । त्यस्ता सबै सरोकारहरुमा निम्न सिद्दान्तहरु पालना गरिनु पर्छ ।

- बाल सुरक्षा सरोकारहरु संग सम्बन्धित सबै प्रतिवेदनहरु लिखितरुपमा हुनु पर्छ (एक नमूना फारम अनुसूची छ मा दिइएको छ) । थाहा हुन आएको वा सरोकार व्यक्त गरिएको २४ घण्टा भित्र प्रतिवेदन पेश गर्नु पर्छ । ति प्रतिवेदनहरु देश भित्रको बाल सुरक्षा सम्पर्क व्यक्ति तथा राष्ट्रिय निर्देशकलाई पठाउनु पर्छ । यदी राष्ट्रिय निर्देशकका विरुद्धमा दावी गरिएको भए सो प्रतिवेदन क्षेत्रिय कार्यक्रम निर्देशकलाई पठाउनु पर्छ । त्यसपछि राष्ट्रिय निर्देशक/क्षेत्रिय कार्यक्रम निर्देशकले सो प्रतिवेदन प्रधान कार्यलयमा मानव शंसाधन समक्ष पठाउनु पर्नेछ  ।
- संलग्न बालबालिकाको सर्वोपरी हित सुरक्षित गरिएको सुनिश्चित गर्नको लागि स्थानीय निकायहरु, स्थानीय स्वास्थ्य अधिकारीहरु वा उपयुक्त संस्थाहरु लगायत बाह्य व्यक्तिको आवश्यकता तथा उनिहरुलाई संलग्न गराउने, नगराउने सम्बन्धी प्रक्रियाका सम्बन्धमा बस्तुगत विश्लेषण गरिने छ ।
- मर्सिकोरले आफ्ना कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुले असल नियत पूर्वक बालबालिकाका विरुद्दका दुर्व्यवहारको संकेत गरी दिएको प्रतिवेदनका सम्बन्धमा निजहरुलाई गरिने कुनै पनि प्रकारको प्रतिरोधलाई अस्वीकार गर्दछ र त्यस्तो कार्यलाई

सहन गर्नेछैन । यस्तो प्रकारको प्रतिरोधमा संलग्न कुनै कर्मचारी बर्खास्त लगायतको कुनै पनि किसिमको अनुशासनको कारवाहीको भागिदार हुनेछ ।

- सबै रिपोर्ट गरिएका आरोपहरुको सत्यता (वा अन्यथा) का सम्बन्धमा मुल्यांकन गर्न पूर्णरुपमा छानवीन गरिनेछ र बालबालिका तथा मर्सिकोरका कर्मचारीहरु सबैको सुरक्षा सम्बन्धी हितहरुलाई ध्यानमा राखी उपयुक्त उपायहरु अवलम्वन गरिने छ ।
- आवश्यक परे मर्सिकोरले दावीका सम्बन्धमा छानवीन गर्नको लागि किपिङ्ग चिल्ड्रेन सेफलाई लगाउन सक्नेछ । किपिङ्ग चिल्ड्रेन सेफलाई मर्सिकोरको प्रधान कार्यलयवाट सम्पर्क गरिने छ ।
- घटनाका सम्बन्धमा जानकारी गराउनको लागि सम्बन्धित देशमा मुख्य बाल सुरक्षा संस्थाहरुको लेखाजोखा राख्नको लागि प्रत्येक राष्ट्रिय कार्यालय जिम्मेवार हुनेछ र तिनिहरुको नाम आफ्नो नीतिको अनुसूचीमा संलग्न गर्नु पर्छ ।

## ५. परियोजना साझेदारहरु

मर्सिकोरको साझेदार संस्थाहरु मार्फत काम गर्दाको अवस्थामा समेत तथा संवन्धित बालबालिकासंग प्रत्यक्ष सम्पर्कमा नहुँदाको अवस्थामा समेत बालबालिकाको सुरक्षाको प्रत्याभूत गर्ने उद्देश्य राख्दछ ।

बालबालिकासंग प्रत्यक्ष काम गर्ने साझेदार संस्थाहरुसंग काम गर्दा, कोष उपलब्ध गराउँदा वा सहयोग गर्दा, यस नीतिको व्यवस्थाहरु तथा निर्दिष्ट कुराहरु त्यस्ता `साझेदार संस्थाहरुसंग गरिने साझेदारी सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

बालबालिका केन्द्रित कार्यक्रममा काम गरिरहेका साझेदारहरुले कार्यक्रम गर्दा वा उनिहरु बालबालिकाको सम्पर्कमा आउन सक्ने संभावना रहेमा उनिहरुले आफ्नै बाल सुरक्षा नीति रहेको सुनिश्चित गर्नु पर्नेछ । आफ्नै बाल सुरक्षा नीति नभएमा मर्सिकोरको बाल सुरक्षा नीतिका सिद्दान्तहरु अवलम्बन गर्नु पर्नेछ ।

साझेदारहरु संग छलफल तथा वार्ताका माध्यमवाट वा पैरवी वा क्षमता विकास रणनीतिको अंशको रुपमा बालबालिका संरक्षणको लागि संयूक्त समितिमा यस नीतिमा समाविष्ट सिद्दान्तहरु समावेश गरी तथा परिस्थिति अनुरुप साझेदार संस्थाहरुसंग सम्झौता गर्नु पर्दछ । मर्सिकोरलाई यो सुनिश्चित हुनु पर्छ कि साझेदारहरुको अभ्यास तथा व्यवस्थापन सम्बन्धी प्रवन्धहरुमा बालबालिकाको सुरक्षा तथा दुर्व्यवहारको विषयमा सम्वोधन गर्ने सम्बन्धी यो साझा प्रतिवद्धता प्रतिविम्वित छ ।

साझेदार संस्थाहरु भित्रै हुने कमजोर अभ्यास तथा दुर्व्यवहारका सम्बन्धमा हाल कायम तथा संभावित साझेदारहरुलाई यो स्पष्ट पार्न जरुरी छ कि मर्सिकोरलाई त्यस्ता संस्था वा त्यसमा कार्यरत कुनै व्यक्ति वा व्यक्तिहरुको कामकारवाही तथा व्यवहारका सम्बन्धमा

गम्भिर शंका लागेमा तथा यदी त्यस्ता कुराहरु यस नीतिसंग बाझिएको छ भन्ने लागेमा मर्सिकोर ति संस्थाहरुसंगको साझेदारी सम्झौतालाई निरन्तरता दिन असमर्थ हुनेछ ।

साझेदारवाट हुने संभावित दुर्व्यवहार सम्बन्धी सरोकारहरुलाई बाल सुरक्षाको विषयवस्तुकोरुपमा हेर्नु पर्छ र त्यस्ता विषयबस्तु यस नीतिमा उल्लेखित प्रक्रिया अनुसार उठाउनुपर्छ ।

## ६. कार्यन्वयन तथा अनुगमन

बाल सुरक्षा प्रत्येक व्यक्तिको जिम्मेवारी हो भनी जानकारी गराइनेछ ।

सुरक्षाका उपायहरु दुरुस्त छन् भन्ने सुनिश्चित गर्नको लागि व्यवस्थापकिय जिम्मेवारीहरुमा जोड दिइनेछ ।

मानव संशाधन/प्रशासनले यस बाल सुरक्षा नीतिलाई समूहका सबै नयाँ सदस्यहरुका लागि जानकारी गराउने विषयवस्तुमा समावेश गर्नेछ ।

संभावित बाल दुर्व्यवहारका सम्बन्धी सरोकारहरु विषयमा बाल संरक्षण अधिकृतलाई जानकारी गराउनको लागि प्रत्येक कार्यस्थलमा सम्पर्क सम्बन्धी विवरणहरु देखिने गरी राख्नु पर्ने छ ।

मर्सिकोरले आफू काम गर्ने समुदायमा आफ्नो बाल सुरक्षा नीतिको वारेमा जानकारी गराउन हरेक प्रयत्न गर्नेछ । उनिहरुले आफ्ना दावीहरु प्रस्तुत गर्ने तथा मर्सिकोरका मुख्य नीतिहरुका सम्बन्धमा जानकारी गराउने बाल सुरक्षा सम्पर्क व्यक्तिको भूमिकाको वारेमा जानकार छन भन्ने सुनिश्चित गर्ने छ ।

मर्सिकोरको संचालक समितिमा प्रतिवेदन आवश्यकता अनुसार पेश गरिने ।

यस नीति प्रत्येक तीन वर्षमा र आवश्यक परे सो अगावै पुनरावलोकन गरिने छ ।

# अनुसूचीहरु

## अनुसूची क: शब्दावलीको परिभाषा

| प्रकार | बालबालिकामा भौतिक अवलोकन | बालबालिकामा व्यवहारमा अवलोकन |
|---|---|---|
| भौतिक दुर्व्यवहार | दरफराउने, जलन तथा पोलाई, टोकेको दागहरु, हाड भाँचेको अवस्था, सुनिनु, विना कैफियत वा फरक फरक कैफियत सहितको गम्भिर घाउ चोट, उपचार नगरिएको घाउ चोट । | वयस्कवाट असामान्य किसिमले डराउनु, अप्राकृतिकरुपमा बाबु आमा प्रति आज्ञापालक बन्नु, घाउ चोटको बारेमा कुरा गर्न इन्कार गर्नु, औषधी उपचार सेवा लिनवाट डराउने, अरु प्रति आक्रमक रुपमा देखापर्नु, कपडाले आफुलाई ढाक्नु । |
| यौनिक | यौनाङ्ग, गुद्द्धार वा मुखमा क्षति, यौन कार्यवाट सर्ने रोग, अनपेक्षित गर्भधारण खासगरी धेरै कलिला उमेरका केटीहरुमा, यौनाङ्ग, गुद्द्धार वा मुखको वारीपरी घाउ चोट, मुत्रनलीमा अनपेक्षितरुपमा दोहोरिएर संक्रमण हुने तथा पिसाव निस्कने वा पेटमा दुखाई । | उमेर नसुहाउने यौन सम्बन्धी ज्ञान, कलिला बालबालिकामा यौनिक व्यवहार, यौन उत्तेजनात्मक/दुषित व्यवहार, यौन कार्य प्रति शंकेत, विद्यालयमा अस्वाभाविक रुपको नतिजा ल्याउनु, अनायासै व्यक्तित्वमा परिवर्तन, ध्यान केन्द्रिन नहुनु, छटपटाहट, उद्देश्य विहिन, सामाजिकरुपमा अरुसंग बोल्न नचाहने, छद्म आज्ञाकारी व्यवहार, वयस्कहरु प्रति कमजोर विश्वास, पश्चगामी व्यवहार, अनुपयुक्त दिन वा रात्री समयको प्रारम्भ, असुरक्षित तथा परनिर्भर व्यवहार, समय भन्दा अगावै विद्यालय आउने र ढिला फर्किन, घरवाट टाढा भाग्ने, आत्महत्याको प्रयास, आफैं अंगछेदन गर्ने, आफै अरुची पैदा गर्नु, आहारमा गडवड, किशोर अवस्थामा हिस्टेरिया देखिनु । |
| हेलचक्रयाई | कमजोर व्यक्तिगत सरसफाई, कपडाको नराम्रो अवस्था, मौसम अनुसार वा अनुपयुक्त | निरन्तर भोक, निरन्तर थकान, विद्यालयमा बारम्वर ढिला हुनु वा उपस्थित नहुनु, ध्वंशात्मक प्रवृत्ति, |

| | | |
|---|---|---|
| | कपडा लगाउनु, हावापानी - यसका कारण देखिने लक्षणमा खोकी, निमोनिया, घामबाट डढ्ने, सुनिनु आदि दोहोरिनु) को अपर्याप्तरुपमा हेरविचार गर्नु वा उपयुक्त हेरचाह नगर्नेको जिम्मामा छोड्नु, उपचार नगरिएको स्वास्थ्य उपचार सम्बन्धी समस्य, कुपोषण हुनु (यसलाई कम आकार हुनु, कम तौल हुनु, निल्न गाह्रो हुनु, शरिरका अंगले उपयुक्त कार्य नगर्नु, लगातार थकित हुनु), लागुऔषध वा रक्सीको लत । | आत्म सम्मानमा कमी, स्नायु विकारवाट विक्षिप्त व्यवहार, सामाजिक सम्बन्धमा अभाव, टाढा भाग्ने, बाध्य चोरी वा काम लाग्ने बस्तु फोहोरवाट झिकेर राख्नु । |
| भावनात्मक | उच्च डर, बोलीमा लंवराहट, आत्म सम्मानमा कमी, आफैंलाई नोक्सान पुऱ्याउने व्यवहार, लागुऔषध वा रक्सीको लत । | भौतिक, मानसिक तथा भावनात्मक विकासमा कमी, बढ्ता दण्ड भोग्न तयार हुने, गल्तीमा चाहिने भन्दा बढी प्रतिक्रिया, निरन्तर स्वअवमूल्यन, अचानक बोली बिग्रनु, नयाँ परिस्थितिको डर, दुखित अवस्थाको वारेमा अनुपयुक्त भावनात्मक प्रतिक्रिया, स्नायु विकारवाट विक्षिप्त व्यवहार (जस्तै व्याकुल हुनु, कपाल तोडमोड गर्ने, औंला चुस्ने), आफैंलाई नोक्सानी पुऱ्याउने वा अंग छेदन गर्ने, बावु आमाको सम्पर्क आउने डर पाल्ने, साह्रै अल्छी वा आक्रमक, लागुऔषध/घुल्ने पदार्थको दुरुपयोग, टाढा भाग्ने, बाध्य चोरी वा काम लाग्ने बस्तु फोहोरवाट झिकेर राख्नु । |

नोटः प्राय सबै प्रकारका र्दुव्यवहारमा माथी उल्लेखित सूचकहरु तथा अवलोकन गरिएका अवस्थाहरुको संयोजन हुन्छ र कहिले त त्यस्तो र्दुव्यवहारलाई कुनै विशेष समूहमा राख्न सकिदैन ।

# अनुसूची खः जोखिम विश्लेषणको नमूना

| कृयाकलाप | संभावित जोखिम | हुन सक्ने संभावना (उच्च, मध्यम वा न्यून उल्लेख गर्ने) | व्यवस्थापन/न्यून गर्ने उपायहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनुसूची गः फौजदारी अभियोगमा दोषी प्रमाणित सम्बन्धमा स्वघोषणा फारमको नमूना

गोपनिय

बालबालिकालाई हानी नोक्सानीवाट सुरक्षित राख्नको लागि, सबै व्यक्तिलाई निम्न कुरा खुलाउनको लागि अपेक्षा गर्दछौं ।

तपाई कहिल्यै फौजदारी अभियोगमा दोषी पाइनु भएको छ[4] (कृपया चिन्ह लगाउनुहोस्) ?

छ ☐ छैन ☐

यदी दोषी पाइनु भएको छ भने कृपया सो को प्रकृति, मिति तथा अभियोगहरुका सम्बन्धमा तल उल्लेख गर्नुहोस्

पूरा नामः ……………………………………………

कुनै थर भएः ………………………………

ठेगानाः ………………………………………

पोष्टकोडः …………………………….

जन्म मितिः ………………………….

जन्म स्थानः ………………………….

यदी मैले सूचना लुकाएको वा कुनै गलत वा झुक्याउने सूचना उल्लेख गरेको पाइएमा मलाई विना सूचना मेरो तलवी वा स्वेच्छिक सेवाको पदवाट हटाइने छ भन्ने मैले बुझेको छु । संस्थाले सूचनाहरु सुरक्षितरुपमा राख्ने छ भन्ने मैले बुझेको छु ।

मैले उल्लेख गरेको सूचनाहरु ठीक दुरुस्त छ ।

हस्तक्षार गर्नेः …………………… मितिः ……………………………

[4] स्थानीय परिभाषा उल्लेख गर्ने

# अनुसूची घः अर्न्तवार्ता प्रश्नावलीको नमूना

अर्न्तवार्ता लिनको लागि टेरे डेस होम्सले तयार गरेको मार्गदर्शनवाट निम्न कुराहरु लिइएको हो । यसलाई प्रश्नावलीको उदाहारणहरुलाई केवल सोधिने प्रश्नहरुको रुपमा मात्र नभई अर्न्तवार्ताको दौरानमा कुन क्षेत्रवाट प्रश्नहरु सोध्न सकिने भन्ने सम्बन्धमा सुझावको रुपमा लिनु पर्दछ । टिपोट तयार गर्दा बाल संरक्षणका सम्बन्धमा प्रश्नहरु गर्दा के कुरा व्यक्त भयो भन्दा पनि प्रश्न उपरको प्रतिक्रिया के थियो भन्ने कुरा टिपोट गर्नु पर्छ । कति प्रश्नहरुको जवाफ आयो र कतिको नबोलिकनै प्रतिक्रिया दिइयो भन्ने कुराको टिपोट गर्नु पर्छ ।

संभव भए सम्म निम्न कुरालाई अभ्यासको मापदण्ड बनाउनुहोस् ।

१. व्यक्तिगत विवरणहरुमा देखिएको विस्तारित वेरोजगारी अवस्थाको बारेमा प्रश्नहरु सोध्ने ।

२. यूवा संगठनहरु वा यूवा वा बाल केन्द्रित आयोजनाहरुमा काम गर्नको लागि मान्छेहरुको उत्प्रेरणाका बारेमा प्रश्नहरु सोध्ने ।

३. उनिहरुको सम्बन्ध देखाईको व्यक्तिहरुसंगको सम्बन्धको वारेमा प्रश्नहरु सोध्ने, यसले अर्न्तवार्ता लिईएको व्यक्तिको सम्बन्धमा सम्बन्ध देखाईएको व्यक्तिलाई कम जानकारी छ भन्ने कुरा थाहा हुन आउँछ ।

४. व्यक्तिको चरित्र वा क्षमता सम्बन्धी जाँच गरिएको छ र कम्तीमा दुई जना व्यक्तिसंग बुझिएको छ भन्ने सुनिश्चित गर्ने ।

५. यदी सम्बन्ध देखाईको व्यक्तिहरु उपयुक्त नभए अन्य व्यक्तिसंग बुझ्ने ।

६. सदैव बाल संगठनहरुसंग सम्बन्धित सम्बन्ध देखाईको व्यक्तिहरुसंग बुझ्ने वा/र त्यस्ता व्यक्तिहरु सम्बन्ध देखाईको व्यक्तिकोरुपमा लिने ।

७. आवेदकले दिएको कुनै संगठनको अन्य सम्बन्ध देखाईको व्यक्तिहरु वा व्यवस्थापकहरुसंग बुझ्ने । अक्सर उल्लेख गरिएको सम्पर्क व्यक्तिको अलावा बुझ्नु पर्ने अझ राम्रो व्यक्ति बरिष्ठ प्रवन्धक वा निर्देशक हुन्छ ।

८. सम्बन्ध देखाईको व्यक्तिलाई आवेदक बालिबालिकाको प्रत्यक्ष सम्पर्कमा हुन उपयुक्त हुने नहुने सम्बन्धमा सोध्ने । अर्को राम्रो प्रश्न "सम्बन्ध देखाईको व्यक्तिलाई आवेदकका सम्बन्धमा कुनै विषयवस्तु वा घटनाहरु वा निज बालबालिकाको सम्पर्कमा आएको थाहा छ कि ?" भन्ने हुन्छ ।

९. सम्बन्ध देखाइएको व्यक्तिको टिप्पणी टिपोट गर्ने र आवेदकको व्यक्तिगत फाईलमा राख्ने ।

१०. व्यक्तिगत विवरणहरुलाई सम्वन्धित व्यक्तिको व्यक्तिगत फाईलमा राख्ने र यदी रोजगारीको लागि लिइएमा अर्न्तवार्ताको दौरानमा तयार गरिएका टिपोटहरु साथै राख्ने ।

११. अन्तराष्ट्रिय तथा राष्ट्रिय कर्मचारी सदस्यहरु प्रत्येकलाई प्रत्येक अर्न्तवार्तामा बालबालिकामा पहुँच सम्बन्धमा आवेदकको उपयुक्तताका विषयमा आफूलाई लागेका कुराहरु राख्न दिने ।

**बाल सुरक्षाका बारेमा केही सुझाइएका प्रश्नहरुः**

१. के तपाई बालबालिकसंग काम गर्न चाहनु हुन्छ ? अथवा, के तपाई प्रत्यक्षरुपमा बालबालिकासंग काम गर्दा सहज अनुभव गर्नुहुन्छ ? बालबालिका संगको सम्बन्धका बारेमा सन्दर्भ उल्लेख गर्दा माया भन्ने शब्द सतही प्रयोग गर्ने संग सचेत बन्नुहोस् । आवेदकलाई सोधिएको प्रश्नका सम्बन्धमा निजको जवाफ होसियारीपूर्वक सुन्नुहोस् । हो वा होइन भन्ने जवाफ वेवास्ता गर्नुहोस् र आवेदकलाई किन निज बालबालिकासंगै हुन चाहनुहुन्छ भन्ने वारे खुलाउन प्रोत्साहित गर्नुहोस् ।

२. के तपाईले बालबालिकासंग काम गरेको कुनै उदाहारण दिनुसक्नुहुन्छ ?

३. तपाई कहिल्यै प्रहरीको फन्दामा पर्नु भएको थियो कि ? यसले माथि दखाए बमोजिम अमौखिक संकेतहरु उजागर गर्न सक्छ ।

४. यस अघि कुनै बाल संगठनमा काम गर्नु भएको वा स्वेच्छिक सेवा गर्नु भएको छ ? यदी गरेको भए, किन छोड्नु भयो ? हामीले सो संगठनमा सम्पर्क गर्न सक्ने व्यक्ति को हुनुहुन्छ ?

कुनै व्यक्तिले तपाईलाई कसरी अनुभूत गरायो भन्ने सम्बन्धमा तपाईलाई भित्रैवाट लागेको कुरा र निजले दिएको प्रश्नहरुको जवाफमा विश्वास गर्नुहोस् । सदैव तपाईले लैङ्गिक विषयलाई वास्ता नगरी बाल संरक्षणका विषयमा तथा निजको वारेमा आफुलाई लागेका कुराका सम्बन्धमा प्रश्न गरेको सुनिश्चित गर्नुहोस् । दुर्व्यवहार भन्नाले यौन दुर्व्यवहारमात्र होइन भन्ने कुरालाई नबिर्सनुहोस् । केही महिला आवेदकहरु बालबालिकाको अनुसाशनका विषयमा अत्यन्तै कठोर हुन पनि सक्छन् र उनिहरुको त्यस्तो अवस्थाको ईतिहास पनि हुन सक्छ । साथै, सबै बाल यौन दुर्व्यवहार गर्नेहरु पुरुषहरु मात्र हुँदैनन् ।

# अनुसूची ङः भर्ना तथा छनौटको चेकलिष्ट

नोलान, पि (२००४) द रोल अफ एच.आर. ईन चाइल्ड प्रोटेक्सन, पिपल ईन एड वाट साभार

| |
|---|
| १. गर्नु पर्ने कामको ढाँचा तयार गर्दा भूमिकाको विश्लेषण गर्ने तथा बाल संरक्षणका विषयवस्तुहरु तथा सो कामका हुने जोखिमका सम्बन्धमा सोच्नेः<br>▪ सो कार्यमा बालबालिकासंग कस्तो प्रकारको सम्पर्क हुनेछ ?<br>▪ के कर्मचारीलाई विना निगरानी बालबालिकासंग पहुँच हुनेछ ? वा के निजले विश्वासको पद ग्रहण गर्नेछ ?<br>▪ कुनै व्यक्तिको बालबालिकासंग अन्य कस्तो प्रकारको सम्पर्क हुन सक्छ (जस्तै इमेल, टेलिफोन, पत्राचार, इन्टरनेट मार्फत) ? |
| २. अल्पकालिन करार कर्मचारी, सल्लाहकार लगायतका भर्ना गर्दा सबै पदको लागि स्पष्ट कार्य विवरणहरु तयार गर्ने । |
| ३. यदी बालबालिकासंग प्रत्यक्ष कार्य गर्ने पदको हकमा छनौट मापदण्डमा सम्वन्धित क्षेत्रमा अनुभवका विषयलाई समेटेको कुरा सुनिश्चित गर्ने । |
| ४. संभावित आवेदकहरुलाई पठाइएको कुनै पदको विवरणहरुमा बाल सुरक्षा कायम गर्ने प्रतिवद्धताको कुरा समावेश भएको सुनिश्चित गर्ने । |
| ५. कुनै व्यक्तिको विगतको अभियोगहरु वा थाती रहेको अनुसाशनको कारवाही प्रक्रियाहरुको सम्बन्धमा सूचना पाउनको लागि सहमति माग्ने गरी आवेदन फारम बनाउने । |
| ६. परिचय तथा संवन्धित योग्यताहरु पुष्टि गर्ने कागजातहरु माग्ने । |
| ७. तपाईंसंग राम्रो संग तयार गरिएको अर्न्तवार्ता प्रक्रिया रहेको सुनिश्चित गर्नुहोस् । अर्न्तवार्ता लिनेसंग बाल संरक्षण तथा असल अभ्याससंग सम्बन्धित ज्ञान तथा अनुभव छ भन्ने सुनिश्चित गर्नुहोस् । |
| ८. अर्न्तवार्तामा बाल सरक्षण सम्बन्धमा व्यक्तिको बानी व्यहोरा तथा मुल्य मान्यता झल्किने केही खास प्रश्नहरु समावेश गर्नुहोस । बाल संरक्षणको लागि कहाँ काम गरेको, त्यहाँवाट सिकेको कुरा, त्यसले निजको वर्तमान काम कारवाहीमा के प्रभाव पारेको उदाहारण दिन लगाउने । |
| ९.आवेदकको अनुभव तथा बालबालिकासंग काम गर्न उपयुक्तताका विषयमा ज्ञान भएका केही पूर्व कर्मचारीहरु वा अन्य व्यक्तिहरु लगायत तीन जना सम्पर्क व्यक्तिहरु छान्नुहोस् । |
| १०. सम्पर्क व्यक्तिहरुको परिचय यकिन गर्ने । |
| ११. जतिसक्दो धेरै पृष्ठभूमिका सम्बन्धमा बुझ्ने । |
| १२. लिइएको पदमा उपयुक्तता सुनिश्चित गर्नको लागि परीक्षणकाल कति राख्ने भन्ने सम्बन्धमा विचार गर्ने । |

# अनुसूची चः नमूना कार्यक्षेत्रगत विवरण

# बाल सुरक्षा सम्पर्क व्यक्ति

# कार्यक्षेत्रगत विवरण

**सामान्य परिचय**

हरेक उपयुक्त तह वा संरचनामा जनताले बाल सुरक्षाको विषयमा कुरा गर्नको लागि तोकिएको व्यक्ति वा व्यक्तिहरु हुनु पर्छ । प्रत्येकलाई उनिहरुसंग कसरी सम्पर्क गर्ने भन्ने थाहा हुनु पर्छ । संगठन भित्रका अन्य मानिसहरुको कुनै बाल सुरक्षा वा र्दुव्यवहारका विषयमा कुनै सरोकारहरु भए उनिहरु समक्ष जान सक्छन् । तोकिएको बाल सुरक्षा सम्पर्क व्यक्तिहरुमा वरिष्ठ प्रवन्धकहरु नभई सोही प्रकृतिका विषयवस्तुहरुमा अनुभव तथा काम गर्ने विश्वास भएका वा तालिम तथा सहयोगमा पहुँच भएका जसले भूमिकाको विकास गर्न सक्छन् त्यस्ता व्यक्तिहरु भए धेरै सहयोग पुग्छ ।

तोकिएको बाल सुरक्षा सम्पर्क व्यक्तिको भूमिका निम्न रहेको छ ।

- बाल सुरक्षा सरोकारहरुका बारेमा सूचना प्राप्त गर्न सम्पर्क व्यक्तिकोरुपमा काम गर्ने,
- उच्च व्यवस्थापनवाट उचित प्रतिक्रियाको लागि मार्गदर्शन प्राप्त गर्ने,
- आवश्यक परेको बखत स्थानीय संस्थाहरुसंग सरसल्लाह गर्ने,
- बैधानिक/आधिकारिक संस्था (जस्तैः प्रहरी) वा उपयुक्त भए अन्य संगठनहरुमा औपचारिकरुपमा पठाउनको लागि उच्च व्यवस्थापनलाई सहयोग गर्ने,
- सम्बन्धित घटना अभिलेख फारममा सबै सूचनाहरु अभिलेख गरिएको सुनिश्चित गर्ने ।

**बाल सुरक्षा सम्पर्क व्यक्तिको भूमिकाको सम्बन्धमा बिस्तृत विवरणः**

कुनै बालबालिका वा बालबालिकाहरुलाई दुर्व्यवहार वा अन्य हानी नोक्सानी पुर्‍याउन कार्य हुँदै आएको र भईरहेको सम्बन्धमा सरोकारहरु प्राप्त गर्ने कार्य बाल सुरक्षा सम्पर्क व्यक्तिको हो । उजागर भएका कुरा वा सरोकारको सम्बन्धमा शुरु देखी अन्त सम्म समन्वय गर्न सम्पर्क व्यक्ति जिम्मेवार हुन्छ।

**कार्यविधिः**

१. सरोकार वा आरोप सम्बन्धी सूचना प्राप्त गर्ने ।

२. बाल सुरक्षा केश फाईल तयार गर्ने ।

३. सबै सक्कल अभिलेख वा सूचनाहरु लिने र केश फाईलमा राख्ने ।

४.	उजुरी गर्नेलाई र आवश्यक परे निजको बाबु आमालाई बाल सुरक्षा कार्यविधिको बारेमा बताउने ।

५.	उपयुक्त भएमा बैधानिक/आधिकारिक सेवा प्रदायककोमा बाल संरक्षाको विषय पठाउनको लागि व्यवस्थापकलाई सहयोग गर्ने ।

६.	ति सल्लाह गरिएका कुराहरुको लिखित अभिलेख केश फाईलमा राख्ने ।

७.	बालबालिका तत्कालै जोखिममा रहेको लागेमा आपतकालिन सेवामा सम्पर्क गर्ने ।

८.	बैधानिक/ आधिकारिक सेवा प्रदायकको सल्लाह मान्ने ।

९.	सम्भव भएसम्म बैधानिक/आधिकारिक सेवा प्रदायकवाट बाल सुरक्षाको विषय पठाइएको सम्बन्धमा लिखित भरपाई लिने र उनिहरुको प्रगति विवरणहरु जानकारी गराईराख्नको लागि अनुरोध गर्ने ।

१०.	यदी उठेका सरोकार कर्मचारी, कार्य समिति, वा स्वेच्छिक सेवा दिने व्यक्तिहरुसंग सम्बन्धित भए अन्तरिक छानवीन गर्ने वा सो को लागि सहायोग लिने जसमा संभावित फौजदारी मुद्दाहरुका सम्बन्धमा लिइएको पहल कदमीका सम्बन्धमा बैधानिक संस्थाहरुसंग समन्वय र सहमतिमा गरिएको सुनिश्चित गर्ने ।

११.	जुन कर्मचारी वा स्वेच्छिक सेवा दिने व्यक्तिका विरुद्दमा उजुरी प्राप्त भएको छ निजलाई सहयोग (जस्तै सरसल्लाह) दिने वा निजवाट लिने ।

**कसरी प्रतिक्रिया जनाउनेः**

- प्राप्त गर्नेः	सुन्ने, विश्वास गर्ने
- पूनः आस्वस्थ पार्नेः	बाचा नगर्ने, बालबालिका वा दावीकर्ताको गल्ती होइन
- प्रतिक्रियाः	अघि देखा नपर्ने, खुल्ला प्रश्नहरु गर्ने, शान्त रहने
- अभिलेखः	तत्कालै टिपोट गर्ने (हेर्न सकिने वा पुष्टि हुने तथ्यहरु)
- सम्झनेः	बाल सुरक्षा कार्यविधि

# अनुसूची छः लिखित प्रतिवेदनको ढाँचा

**लाईः बाल सुरक्षा सम्पर्क व्यक्ति तथा राष्ट्रिय निर्देशक (यदी राष्ट्रिय निर्देशकसंग सम्बन्धित भएको भए कृपया क्षेत्रिय कार्यक्रम निर्देशकलाई पठाउनुहोस् ।)**

**यस फारममा लेखिएका कुराहरु गोपयिन छन् । मर्सिकोरको बाल सुरक्षा नीति अनुसार सरोकारहरुको बारेमा प्रतिवेदन गर्नु पर्दा यसको प्रयोग गर्नु पर्दछ । यो माथी उल्लेखित व्यक्तिलाई मात्र पठाउनु पर्नेछ ।**

संभव भए सम्म फारमको सबै भर्न प्रयत्न गर्नुहोस् । आफूलाई थाहा नभएको ठाउँमा खाली छोड्नुहोस् । तपाईले देखेको सामान्य व्यवहारका सम्वन्धमा सरोकार उठाउन खोज्नु भएको सो कुरा स्पष्ट पार्नुहोस् । तपाईले व्यक्तिगतरुपमा थाहा पाएको वा देखेको तथा अन्य व्यक्तिले भनेको ( सुनेको कुरा) बीच फरक छुट्टाउनुहोस् ।

**भाग एक : तपाईको बारेमा**

तपाईको नामः ................................ मर्सिकोरमा तपाईको पदः ..........................

सम्पर्क विवरणहरुः

| |
|---|
| |

तपाईलाई यो बालक/बालिकाको बारेमा कसरी थाहा भयो ? ...............................

**भाग दुईः बालक/बालिकाको बारेमा -यदी एक भन्दा बढी बालबालिका भए प्रत्येकको लागि एक कोठा थप्नुहोस्)**

बालक/बालिकाको विवरण -नाम, लिङ्ग, जाती, राष्ट्रियता, विश्वास, जन्ममिति वा उमेर)

| |
|---|
| |

बालक/बालिकाको ठेगाना (जस्तैः बालक/बालिका को संग बस्छ?)

बालक/बालिका कहाँ छ ? के उ सुरक्षित स्थानमा छ? ....................................

त्यहाँ कुनै तुरुन्तै आवश्यक औषधोपचार वा सुरक्षाका मुद्दाहरु छन्? ............................

बालक/बालिकालाई कुनै अपाङ्गता वा अध्ययनमा कठिनाई छ कि ? ................................

यदी एक भन्दा बढी बालक/बालिका भए उनिहरुको विवरणहरु थप गर्नुहोस् (आवश्यक अर्को पेज थप गर्नुहोस्)

**भाग तीनः तपाईको सरोकार**

आरोपित व्यक्ति को हो ? (कृपया चिन्ह लगाउनुहोस्)

- ☐ समूह १: मर्सिकोरका कर्मचारी तथा प्रतिनिधी
- ☐ समूह २: अन्य संस्थाका कर्मचारी
- ☐ समूह ३: समुदायको कुनै व्यक्ति

आरोप वा सरोकारको प्रकृति (निम्न कुरा समेत समावेश गर्नुहोस्: कसले दुर्व्यवहारका सम्बन्धमा जानकारी दियो? परिस्थितिहरु कस्तो थियो ? आरोप कसरी लाग्यो?)

घटनाको मिति, समय र स्थानः

दुर्व्यवहार तपाईले वा अन्य कुनै व्यक्तिले देखेको वा शंका गरेको हो, खुलाउने ।

बालक/बालिकाले खास के कुरा भनेको थियो निजकै शब्दमा तथा तपाईले जवाफमा के भन्नु भयो सो कुरा (नोटः बालक/बालिकालाई आफै अगाडी प्रश्न नगर्नुहोस्, बास्तविक विवरण अभिलेख गर्नुहोस् । यदी बालक/बालिकाले प्रत्यक्षरुपमा तपाईंलाई भनेको अवस्थामा मात्र यो आवश्यक पर्ने ।)

नामः .................................... संस्थाः ................................

हस्ताक्षरः ............................... मितिः .........................

यो फारम पठाइएको व्यक्तिको नामः ..............................................................

उल्लेखित व्यक्तिलाई प्रतिवेदन पठाएको मितिः ...............................................

# अनुसूची जः बालबालिकाको अर्न्तवार्ता लिन वा तस्वीर खिच्नको लागि प्रयोग गरिने नमूना सहमति फारम

## बालबालिको अर्न्तवार्ता लिन वा तस्वीर खिच्नको लागि सहमति फारम

**भाग कः १८ वर्ष भन्दा उमेरको बालक/बालिकाको उमेर, परिपक्वता तथा समझदारी अनुसार (सहमति प्राप्त गर्ने सम्बन्धमा तलका मार्गदर्शनहरु हेर्नुहोस्)**

१. मर्सिकोरसंग म सहमत छुः (चिन्ह लगाउनुहोस्)

☐ मसंग कुरा गर्न तथा ............... (स्थानको रोजाई) मा मेरा शब्दहरु अभिलेख गरेमा ।

☐ मेरो तस्वीर खिचेमा ।

☐ भिडियो बनाएमा वा अन्यथा अभिलेख गरेमा ।

२. निम्न कुरा प्रयोग गर्न म मर्सिकोरसंग सहमत छुः

☐ मेरो कथा ☐ मेरो तस्वीर ☐ मेरो स्वास्थ्य अवस्थाको विवरण (जस्तै एड्स संक्रमित भएको)

३. मेरो तस्वीर वा/र सूचना निम्न प्रयोजनको लागि प्रयोग गरिने छ भन्ने बुझेको छु ।

☐ शैक्षिक ☐ प्रर्वद्धनात्मक ☐ अन्य (उल्लेख गर्ने) .......................

नामः .......................... हस्ताक्षर वा ल्याप्चेः .................................

स्थानः ............................. उमेरः ...................... मितिः .....................

**खण्ड खः बाबुआमा/हेरचाह गर्नेको सहमति**

☐ माथी उल्लेख भएको कार्य गर्नको लागि म मर्सिकोरसंग सहमत छु ।

☐ उनिहरुको तर्फवाट यो फारममा हस्ताक्षर गर्न मलाई अधिकार छ (यदी माथी सहिछाप नभएको भए)

☐ यसको लागि बालक/बालिका समेत सहमत रहेको पुष्टि गर्दछु ।

नामः .......................... हस्ताक्षर वा ल्याप्चेः .................................

बालक/बालिकासंगको नाताः .............................. मितिः .....................

**खण्ड गः दोभाषेको हस्ताक्षर**

दोभाषेले बालक/बालिका वा अभिभावकलाई यस फारमको विषयवस्तु उपयुक्त भाषामा अनुवाद गर्नेछ र निम्न कुराहरु पुष्टि गर्नेछ ।

- ☐ बालक/बालिका वा अभिभावक साक्षर छ/छन् र सहमति फारममा हस्ताक्षर गर्न समर्थ थिए (अथवा, यदि निरक्षर भए सहमति श्रव्य क्यासेटमा रेकर्ड गरिएको छ । )

दोभाषेले निम्न कुराहरु पुष्टि गर्नेछ ।

- ☐ मैले यस फारमको बिषयवस्तु बालक/बालिका र/वा अभिभावकले बुझ्ने भाषामा अनुवाद गरेको छु ।
- ☐ मलाई विश्वास छ कि यस फारमको बिषयवस्तु बालक/बालिका र/वा अभिभावकले पूर्णरुपमा बुझेकाछन् ।

नामः ..........................      हस्ताक्षरः .................................

संस्थाः .............................. पदः ...................... मितिः .....................

...................................................................................................................

## सहमति प्राप्त गर्ने मार्गदर्शन

सामान्यतय ७ वर्ष वा सो भन्दा बढी उमेरका बालक/बालिका सहमति दिन समर्थ हुनुपर्छ । तथापि, असल अभ्यासका अनुसार यदी उनिहरु १४ वर्ष भन्दा कम उमेरका भए हामीले वावुआमा/संरक्षकको समेत सहमति प्राप्त गर्नुपर्छ ।

| बालक/बालिकाको उमेर | बालक/बालिकाको सहमति | वावुआमा/संरक्षकको सहमति |
|---|---|---|
| ७ वर्ष भन्दा कम उमेर | नचाहिने | चाहिने |
| ७ देखी १४ वर्ष उमेर (?) | चाहिने यदी बालक/बालिकाले जसलाई हुन्छ भनेका छन् उसले भनेका कुरा पूर्णरुपमा बुझ्ने भए | चाहिने |
| १४ वर्ष भन्दा माथी | माथी लेखिए वमोजिम | बालक/बालिकाको सहमति लिएको भए नचाहिने |